# युएई नेपाली एकता समाज केन्द्रिय समिती

**स्थापना :१९९०**

च.नं.:२०५ मिति: १७ जुन, २००९

## प्रेश बिज्ञप्ती

नेपाल भारतको बिचमा सम्पन्न भएको सन् १८१६ को सुगौली सन्धी पछि निर्धारण भएको सीमामा भारतीय पक्षले निरन्तर अतिक्रमण गरेको छ। भारतले पश्चिम नेपालको कालापानी देखी पुर्वको पशुपती नगरसम्म करिब ९० भन्दा बढी स्थानमा अतिक्रमण गर्नुका साथै दाङ, बारा, सुस्ता लगायतका ठाँउमा नेपालीहरुलाई यातना दिने, नेपाली महिलाहरुलाई बलात्कार गर्ने संचारकर्मिहरुलाई कुटपिट गर्ने जस्ता भारतिय बिस्तारबादी नितीको युएई नेपाली एकता समाज सम्पुर्ण प्रवाशी नेपालीहरुको तर्फबाट घोर निन्दा र भत्सर्ना गर्दै मिचिएको नेपाली भुमी र खोसिएको सम्पति सम्वन्धित पक्षलाई तुरुन्त फिर्ता गर्न जोडदार माग गर्दछ।

साथै युएई नेपाली एकता समाज बिभिन्न संघ संस्था र समुदायले भारतिय हस्तक्षेपकारी नितिको बिरुद्ध गरेको आन्दोलन प्रति हार्दिक ऐक्यबद्धता प्रकट गर्दै स्वदेश र प्रवाशमा रहेका सम्पूर्ण प्रगतिशिल, देशभक्त , बुद्धिजिबी र आमनेपालीहरुलाई भारतीय ज्यादतिको शसक्त बिरोध गर्न र राष्ट्रियताको रक्षार्थ आन्दोलित हुन आग्रह गर्दछ। साथै यस सबालमा गम्भिर भएर सम्पूर्ण सीमा सम्बन्धी समस्याहरुको तुरुन्त समाधान निकाल्न सम्बन्धित पक्षसंग जोडदार माग गर्दछ।

मान बहादुर थापा
अध्यक्ष
युएई नेपाली एकता समाज
केन्द्रिय समिती

धुर्व कुवंर
महासचिव
युएई नेपाली एकता समाज
केन्द्रिय समिती